# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.स:
च.नं: ७५८

मिति २०७५।०५।१९

श्री वडा अध्यक्ष ज्यू
वडा कार्यालय (सबै)

विषय: सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।

प्रस्तुत विषयमा यस महानगरपालिका क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा, पर्ती जग्गा, नदी उकास तथा कुनै व्यक्ति/संघसंस्था/कम्पनी/निकायको निजी हकभोग र स्वामित्व नजनिएको कुनै जग्गा जमिन वा जुनसुकै प्रकृतिको भौतिक अवस्थितिलाई निजी, सामुदायिक वा सामाजिक कार्यमा उपयोग गरिरहेको छ भने त्यसको पहिचान एवं व्यवस्थापनका लागि लगत तयार गरी पठाउन यस अघि मिति २०७५।४।७ मा सवै वडा कार्यालयहरुलाई पत्राचार समेत गरि सकिएको व्यहोरा पुन: स्मरण गराउदछौं ।

यस महानगरपालिका क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने प्रथम दायित्व स्वंयम वडा कार्यालयहरुको भएको हुदा यदी आफ्नो वडा भित्र कुनै त्यस्तो सार्वजनिक जग्गा भए त्यसको लगत तयार गरी यथासिघ्र यस कार्यालयमा उपलव्ध गराउनु हुन र त्यस्ता सार्वजनिक जग्गाहरु यदी कही कतै कसैले अनधिकृतरुपमा कव्जा वा उपयोग गरेको भेटिएमा वडा कार्यालयहरुवाट उपलव्ध गराईने सेवा सुविधाहरु समेत रोक्का गर्न सकिने निर्णय भए वमोजिम सवै वडा कार्यालयहरुलाई सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

.........................

(बिसुराम कुँवर)

सदस्य सचिव

सार्वजनिक जग्गा पहिचान एवं व्यवस्थापन उप-समिति

Scanned by CamScanner